दुहवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी, कोशी प्रदेश, नेपाल

आ.व. २०७९/८०

# नगर प्रहरी कर्मचारी करार सेवामा भर्ना सम्वन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति २०८०/०२/१९

यस कार्यालयको लागि तपसिल बमोजिमको पदमा नगर प्रहरी कर्मचारीहरू आवश्यक भएकोले दुहवी नगरपालिकाको नगर प्रहरी व्यवस्थापन सम्वन्धी कार्यविधि २०७९ बमोजिम करार सेवा गर्न इच्छुक देहायको योग्यता भएको नेपाली नागरिकहरूले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्वन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ। यसका लागि आवश्यक फाराम, दरखास्त दस्तुर, गर्नुपर्ने कामको विवरण, पारिश्रमिक, सेवाका शर्तहरू र पाठ्यक्रम सहितको विस्तृत विवरण यस कार्यालयको प्रशासन शाखा र कार्यालयको वेवसाइट www.duhabimun.gov.np बाट उपलव्ध हुनेछ।

(१) वि.नं./आवश्यक पद/संख्या/दरखास्त दस्तुर

| क.सं. | विज्ञापन नं. | आवश्यक पद | संख्या | दरखास्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | ४/२०७९/०८० | नगर प्रहरी सहायक निरीक्षक | १ | ६००/- | |
| २ | ५/२०७९/०८० | नगर प्रहरी हवलदार | २ | ४००/- | |
| ३ | ६/२०७९/०८० | नगर प्रहरी जवान | ४ | २५०/- | |
| ४ | ७/२०७९/०८० | नगर प्रहरी जवान (महिला मात्र) | २ | २५०/- | |

(२) दरखास्त दिने र राजस्व बुझाउने स्थानः यस कार्यालयको कर्मचारी प्रशासन शाखा र राजस्व शाखा।

(३) पेश गर्नु पर्ने आवश्यक कागजातहरू:

(क) नेपाली नागरिकताको प्रतिलिपी,

(ख) उचाई, छातीको चौडाइ र दृष्टि क्षमताः पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१-३३ इन्च, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको, आँखाको दृष्टि क्षमता माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,

(ग) आवश्यक न्यूनतम शैक्षिक योग्यता र उमेरको हदः-

i. वि.नं. ४ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण पत्र तह वा +2 वा सो सरह उत्तीर्ण गरेको। उमेरको हदः दरखास्त पेश गर्ने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको वा नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पद वा एक तह मुनिको पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा ४० वर्ष ननाघेको।

ii. वि.नं. ५ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट एस.एल.सी. वा एस.ई.ई. वा सो सरह उत्तीर्ण गरेको। उमेरको हदः दरखास्त पेश गर्ने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको। नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरीको समान पद वा एक तह मुनिको पदबाट अवकाश प्राप्त वा सेवा निवृत्त भएकाको हकमा ४० वर्ष ननाघेको।

iii. वि.नं. ६ र ७ का लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट दश कक्षा वा सो सरह उत्तीर्ण गरेको। उमेरको हदः दरखास्त पेश गर्ने अन्तिम मितिसम्ममा १८ वर्ष पूरा भइ ३५ वर्ष ननाघेको।

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत

# दुहवी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
दुहवी, सुनसरी, कोशी प्रदेश, नेपाल

आ.व. २०७९/८०

(४) आवेदन फाराम र आवश्यक पदको पाठ्यक्रम यस कार्यालयको कर्मचारी प्रशासन शाखामा प्राप्त गर्न सकिनेछ वा यस कार्यालयको वेवसाइट www.duhabimun.gov.np बाट डाउनलोड गर्न सकिनेछ।

(५) करार सेवा अवधि र पारिश्रमिकः दुहवी नगरपालिकामा करारमा नगर प्रहरी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७९ बमोजिम हुनेछ।

(६) परीक्षाको किसिमः शारीरिक तन्दुरुस्ती जाँच र अन्तर्वार्ता,

(७) दरखास्त दिने अन्तिम मितिः २०८०।०३।०१ गते सम्म कार्यालय समयभित्र,

(८) कुनै पनि नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(९) अन्य थप जानकारीका लागि यस कार्यालयको कर्मचारी प्रशासन शाखामा कार्यालय समयमा सम्पर्क राख्न हुन अनुरोध छ।

*नोटः यस दुहवी नगरपालिकाको मिति २०७८/०५/०२ गते प्रकाशित नगर प्रहरी पदका सम्बन्धमा भएको विज्ञापन नं. ०४-०६/०७७/७८, नगर कार्यपालिकाको निर्णय अनुसार रद्द गरिएको व्यहोरा सम्बन्धित सरोकारवालालाई जानकारी गराइन्छ साथै सम्बन्धित आवेदकहरूबाट दरखास्त पेश गर्दा दाखिला गरेको दस्तुर रकम निवेदनसाथ माग भई आएमा उपलब्ध गराइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारीको लागि अनुरोध गरिन्छ।*

राजकुमार के. सी.
प्रमुख प्रशासकीय अधिकृत